मितिः-२०८३/०३/०९ गते

समयः- विहान ८:०० बजे

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको १२१ औं नगर कार्यपालिका बैठक नगर प्रमुख श्री रवि के.सी. को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो। उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| हस्ताक्षर | क्र.सं. | नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उपप्रमुख | |
| | ३ | श्री राजेश गौतम | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री देव वहादुर घर्ती | १ नं. वडा अध्यक्ष | |
| | ५ | श्री देव वहादुर यरी | २ नं. वडा अध्यक्ष | |
| | ६ | श्री केशरमान वि.क. | ३ नं. वडा अध्यक्ष | |
| | ७ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ८ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ९ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | १० | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ११ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | १२ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १३ | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | १४ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १५ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १६ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १७ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १८ | श्री हिरा थापा | कार्यपालिका सदस्य | |
| | १९ | श्री सेतु थापा | कार्यपालिका सदस्य | |
| | २० | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | २१ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | २२ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | २३ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | २४ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २५ | रत्ने कामी | कार्यपालिका सदस्य | |

अन्य उपस्थितिः-

| | | | | |
|---|---|---|---|---|
| | १ | श्री इन्द्र वहादुर विष्ट | बरिष्ठ शिक्षा अधिकृत | |
| | २ | श्री गणेश वहादुर थापा | लेखा अधिकृत | |
| | ३ | श्री कमल वि.सी. | इन्जिनियर | |
| | ४ | श्री जंग वहादुर थामी | प्रशसकीय अधिकृत | |
| | ५ | श्री जय वहादुर वुढा | प्रशासन सहायक चौथो | |
| | ६ | श्री मानवहादर वटाला | एम.आइ.एस.अपरेटर | |

## नगर कार्यपालिकाको १२१ औं बैठक (मिति २०८३/०३/०९ गते)का निर्णयहरु :-

१. यस आठविसकोट नगरपालिका ६ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको लागि वडा कार्यालयको नाममा जग्गा नभएको र वडा कार्यालय रहने ठाउमा जग्गा प्राप्ती गर्न चुनौति रहेकोले श्री सूर्योदय माध्यमिक विद्यालय होलीको नाममा दर्ता कायम रहेको साविक गोतामकोट गा.वि.स. वडा नं. ७, कित्ता नं. १०६ क्षेत्रफल ०१७७६० वर्गमिटर जग्गाबाट ००१५५० बर्गमिटर जग्गा आठविसकोट नगरपालिका ६ नं. वडा कार्यालय मूलबजार, रुकुम (पश्चिम भाग) को वडा कार्यालय भवन निर्माणका लागि उपयोग गर्न दिने सम्बन्धी उक्त विद्यालयको अभिभावक भेलाको निर्णय, च.नं. ७५, मिति २०८३/०३/०७ गतेको आवश्यक कागजात र सहमति पत्र सहित सिफारिस भएकोले मालपोत नियमावली, २०३६ को नियम २३ झ २ बमोजिम कुनै सरकारी निकायको नाममा दर्ता कायम रहेको जग्गा अर्को सरकारी निकायलाई आवश्यक भई उपयोगका लागि मात्र भएमा स्थानीय तहको हकमा सम्बन्धीत स्थानीय तहको कार्यपालिकाको निर्णय सहित सिफारिस पत्र पेश गर्नु पर्नेछ भन्ने व्यवस्था रहेकोले सोही बमोजिम आठविसकोट नगरपालिका ६ नं. वडा कार्यपालिका मूलबजार, रुकुम (पश्चिम भाग) को वडा कार्यालय भवन निर्माणका लागि उपयोग गर्न दिने प्रयोजनार्थ भूमि प्रशासन कार्यालय, आठविसकोट रुकुम (पश्चिम भाग) लाई सिफारिस गर्ने।

२. यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पेश गरेको आ.व. २०८३/०८४ को **नीति तथा कार्यक्रम** आगामी नगर सभामा पेश गर्ने गरी पारित गरियो।

३. यस नगरपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार पारेको आ.व. २०८३/०८४ को **बजेट तथा कार्यक्रम** अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

४. यस नगरपालिकाको विधेयक समितिले तयार गरी पेश गरेको **आर्थिक विधेयक, २०८३ र विनियोजन विधेयक, २०८३** नगर सभामा पेश गर्ने निर्णय गरियो।

५. यस नगरपालिकाको **मध्यकालिन खर्च संरचना (MTEF)**, २०८२/०८३- २०८५/०८६ स्वीकृतिका लागि नगर सभामा पेश गर्ने।

६. समृद्ध नगरपालिका निर्माणका लागि यस नगरपालिकाको विभिन्न क्षेत्रमा क्रियाशील शिक्षक, कर्मचारी, कृषक, संचारकर्मी, खेलाडि, पदाधीकारी, समाजसेवी लगाएतले आ.व. २०८२/०८३ मा गरेको योगदानलाई मध्येनजर गर्दै सम्मान तथा पुरस्कृत गर्नका लागि नगर सभा समक्ष सिफारिस गर्ने निर्णय गरियो।

| क्र. सं. | नाम थर | ठेगाना | क्षेत्र/पद |
|---|---|---|---|
| १ | श्री नरसिं विष्ट | आ.न.पा.-४, रुकुम पश्चिम भाग | जनप्रतिनिधी/वडा अध्यक्ष |
| २ | श्री गिता कामी | आ.न.पा.-१४, रुकुम पश्चिम भाग | जनप्रतिनिधि/वडा सदस्य |
| ३ | श्री मणि कर्ण वुढा | आ.न.पा.-१, रुकुम पश्चिम भाग | प्राविधिक सहायक |
| ४ | श्री लालीकिरण पुनमगर | आ.न.पा.-१२, रुकुम पश्चिम भाग | अनमी/स्वास्थ्यकर्मी |
| ५ | श्री रमेश शर्मा | आ.न.पा.-६, रुकुम पश्चिम भाग | शिक्षा/प्रधानाध्यापक |
| ६ | श्री उदयराम ओली | सा.गा.पा.-१, रुकुम पश्चिम भाग | शिक्षा/ नि.मा.वि. शिक्षक |
| ७ | श्री निराजन चदारा | आ.न.पा.-८, रुकुम पश्चिम भाग | नगर प्रहरी |
| ८ | श्री ओम प्रसाद विसी | आ.न.पा.-१३, रुकुम पश्चिम भाग | उपभोक्ता समिति/ अध्यक्ष |
| ९ | श्री जितेन्द्र वुढा | जुनिचाँदे गा.पा. जाजरकोट | खेलकूद/प्रशिक्षक |

रमेश गौतम
नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १० | श्री इन्द्रकें पुन | आ.न.पा.-१२, रुकुम पश्चिम भाग | बाख्रापालक/कृषक |
| ११ | श्री शाइकुमारी मा.वि. | आ.न.पा.-१, रुकुम पश्चिम भाग | उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय |

७. यस नगरपालिकाको आ.व. २०७४/०७५, २०७५/०७६, २०७६/०७७, २०७८/०७९, २०७९/०८०, २०८०/०८१ र २०८१/०८२ मा निर्माण कार्य सम्पन्न भई अन्तिम लेखा परिक्षणका क्रममा नियमित गर्नु पर्ने भनी बेरुजु औंल्याइएका बुँदाहरु फछर्यौटका लागि यस नगरपालिकाको लेखा समितिले पेश गरेको प्रतिवेदन स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो।

८. आठविसकोट नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को साउन १ गतेदेखि हालसम्मको आयव्यय स्वीकृतिको लागि नगर सभामा पेश गर्ने।

९. आठविसकोट नगरपालिका नगर कार्यपालिकाका विषयगत समितिर अन्य विभिन्न समितिहरुले मिति २०८२ साउन १ गतेदेखि हालसम्म विभिन्न मितिमा बसेका बैठकले पारित गरेका विविध कार्यक्रम, रकमान्तर, निर्णय, विविध ऐन, नियम, कार्यविधि, निर्देशिका र अन्य कानुन अनुमोदनको लागि नगर सभामा पेश गर्ने।

१०.यस आठविसकोट नगरपालिकाका नगर प्रहरी (दोस्रो संशोधन) विनियमावली, २०८३ स्वीकृत गरियो।

११. यस नगरपालिकामा रहेका **गैर सरकारी संघ संस्था**हरुको आ.व. २०८३/०८४ को व्यय र आयको अनुमान सहितको बजेट वक्तव्य अनुमोदनको लागि नगर सभा पेश गर्ने।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।

२०८३/०३/०८

राजेश गौतम

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner